# ॐ १० ॐ

*[संवत् २०५७ सालको पुरस्कार 'जगदम्बा-श्री' श्री धर्मराज थापालाई र सोही सालको 'मदन पुरस्कार' 'नेपालको सिमाना' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री वृद्धिनारायण श्रेष्ठलाई समर्पण गर्न संवत् २०५८ साल कार्तिक २ गते रोज ५ का दिन आयोजित समारोहमा गुठीका अध्यक्षले गर्नुभएको स्वागत-भाषण । यो भाषण 'नेपाली' त्रैमासिक अङ्क १६८ बाट उद्धृत गरिएको हो ।]*

*ॐ असतोमा सद्गमय: तमसोमा ज्योतिर्गमय:*
*मृत्योर्मा अमृतं गमय: ॐ शान्ति: शान्ति: शान्ति:*

आदरणीय व्यौलाहरू, र सम्मान्य सभ्यगण !

स्वागतमा धेरै कुरा भन्नुपर्दैन, जे भन्नुपर्ने हो त्यो सबै म भन्छु भनेर सचिवज्यूले आश्वस्त पार्नुभएकोले मलाई हल्का भएको छ । नत्र त, स्वागत-भाषणमै संस्थाको नालीबेली लगाउनुपर्ने हामीहरूको परम्पराबाट म त्रस्त थिएँ ।

सधैँझैँ सर्वप्रथम म दुई स्वर्गीय आत्माहरूलाई आह्वान गर्दै यहाँ स्वागत गर्दछु- लेफ्टिनेन्ट जनरल मदनशमशेर र उहाँकी अर्धाङ्गिनी रानी जगदम्बालाई । तपाईंहरू पनि एकै सेकेन उहाँहरूलाई सम्झिदिनुहोस् भन्ने मेरो आग्रह छ, किनभने आजको यो गरिमामय समागमका कारण नै उहाँहरू हुनुहुन्छ ।

जनकविकेशरीज्यू, जसको नामको पुरस्कार आज तपाईं ग्रहण गर्दै हुनुहुन्छ उहाँकै हातबाट २०२७ साल साउन १८ गते साँझ तपाईंले मदन पुरस्कार लिनुभएको थियो । त्यो साल पुरस्कार घोषणा भएको दस महिनापछि मात्र पुरस्कारको रकम तपाईंको हात परेको थियो । किनभने, २०२५ सालको पुरस्कार प्राप्त गर्ने अर्का विद्वान् पारसमणि प्रधानको आग्रहमा तपाईंसमेतलाई दार्जिलिङ लागि त्यहीँ वृहत् पुरस्कार समारोह गर्ने कार्यक्रम रहेको थियो, तर त्यसो गर्न सकिएन र दार्जिलिङमा २०२६ चैत १३ गते पारसमणि प्रधानज्यूलाई मात्र सूक्ष्मरूपमा पुरस्कार अर्पण गरिएको थियो । तपाईंको पुरस्कार भने त्यसपछि पनि पाँच महिनाजतिपछि मात्र हुन सक्यो । तपाईंलाई सम्झना

होला। यसपटकचाहिं त्यस्तो भएन। समयमै हामीले तपाईंलाई सम्मान गर्न पायौं। 'मदन पुरस्कार' र 'जगदम्बा-श्री' दुवै पुरस्कारबाट सम्मानित हुने ऐले एक मात्र स्रष्टा तपाईं हुनुभएको छ। बधाई ज्ञापन गर्दै म तपाईंलाई स्वागत गर्दछु।

बुद्धिनारायण श्रेष्ठज्यू, नेपाली भाषामा नितान्त नौलो विषयको र सारै कामलाग्दो पुस्तक प्रकाशित गर्नुभएर तपाईंले नेपालीहरूको सम्मान आर्जन गर्नुभएको छ। त्यसै सम्मानको एउटा सानो अंश हामीले पनि तपाईंलाई टक्र्याउन पायौं। हामी गौरवान्वित भएका छौं। म तपाईंलाई स्वागत भन्छु।

श्रद्धेय वाङ्देलज्यू यहाँ उपस्थित हुन सक्नुभएन तापनि उहाँको विद्वत्तापूर्ण प्रवचन हामीले पाएका छौं। उहाँ जस्ता गरिमामण्डित विद्वान् साहित्यिकलाई हाम्रो विशिष्ट पाहुनाका रूपमा, परोक्ष रूपमा भए पनि सम्मान गर्न पाउँदा म आनन्दित भएको छु। आज हामीलाई हाम्रो परम्परागत दीक्षान्त या गुणानुवाद प्रवचन दिन स्वीकार गर्नुभएकोमा हामी महिमान्वित भएका छौं। उहाँलाई भावनात्मकरूपले हाम्रो न्यानो स्वागत छ।

सधैं भनेकै कुरो दोहोऱ्यायो नभन्नुहोला आदरणीय पाहुनाहरूले। तर, म पनि उही, समारोह पनि उही, परिवेशसमेत उही, नयाँ कुरा कसरी निक्लनु! भन्न खोजेको के भने- हाम्रो ठाउँ सानो, निम्तालु थोरै हुन्छन्। तर थोरै भए पनि तपाईंहरू जे-जस्ता हुनुहुन्छ, नौनी हुनुहुन्छ भन्छु म। नेपाली भाषा-संसारका हजारौं कवि-लेखक-साहित्यिकहरूका प्रतिनिधिहरू स्वरूप तपाईंहरू यहाँ उपस्थित हुनुहुन्छ भन्ने हाम्रो मान्यता छ। त्यसैले सबैलाई त्यसै रूपमा म स्वागत अभिवादन गर्दछु। किनभने समजीको भाकामा–

हाम्रो "सद्भक्तिको गोल विश्वभन्दा विशाल छ!"

पुनः सबैलाई स्वागताभिनन्दन गर्दछु!

⊠ ⊠ ⊠